बबई गाउँपालिकाको गाउसभामा

२०७५ असार १० गते

गाउँपालिका अध्यक्ष भुबनेश्वर पौडेलले प्रस्तुत गर्नुभएको

# नीति तथा कार्यक्रम

बबई गाउँपालिका

५ नम्बर प्रदेश, नेपाल

२०७५

गाउँसभा सदस्यज्यूहरू,

बबई गाउँपालिकाको सम्मानित गाउँ सभा समक्ष गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अपार हर्षको अनुभुति गरिरहेको छुँ । बबई गाउँपालिकालाई आत्मनिर्भर,समाजवाद उन्मुख, सुन्दर र समृद्ध बनाउने साझा ध्येयतर्फ यस नीति तथा कार्यक्रममा अन्तरनिहित रहेको कुरा उल्लेख गर्न चाहन्छु ।

यस महत्वपूर्ण अवसरमा सर्वप्रथम मुलुकमा लोकतन्त्रको वहाली, नागरिकका मौलिक हक तथा अधिकारको पूर्ण उपभोग तथा समाजको आमूल परिवर्तनका लागि विभिन्न समयमा आफ्नो जीवन आहुति दिने अमर शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको राजनीतिलाई जनताको पक्षमा अघि बढाउन योगदान पुर्‍याउने अग्रज नेताहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

ठीक एक वर्ष अघि सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा बबई गाउँपालिकावासी आदरणीय जनताको अमूल्य मतबाट बिजयी भई यस गाउँपालिकाको प्रमुख पदको जिम्मेवारी सम्हालेकोमा पहिलो सभाबाट बबई गाउँपालिकाको विकास र समृद्धिको मार्गचित्र कोर्दै अघि वढ्दै आज तेस्रो गाउँ सभासम्म आइपुगेका छौ । जनताको समावेशी विकास र समुन्नत जीबनयापनको आकांक्षा सम्वोधन गर्न सक्ने ठानी हामीलाई अमूल्य मत दिएर विजयी वनाउनु हुने बबई गाउँपालिकाका सम्पूर्ण जनसमुदायप्रति यस अवसरमा पुनः उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

संघीय शासन प्रणालीको अभ्यास हाम्रा लागि नौलो भएकाले सिक्दै, सिकेका कुरा प्रयोग गर्दै हामी अघि वढिरहेका छौ । यस विचमा नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरूको सूचिमा आधारित भई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कार्यकारिणी अधिकारका सम्वन्धमा गरेको व्यबस्थालाई पालना गर्दै बबई गाउँपालिकाले कार्यसम्पादन गरिरहेको छ । जनतालाई छिटो छरितो सेवा दिने, विकास प्रक्रियालाई तिव्र वनाउने र सुरक्षित जीबनको अनुभुति गराउने उद्देश्य हामीले राखेका छौं । यसका निमित्त तदनुरूप दैनिक प्रशासन सञ्चालन गर्नुका साथै आवश्यक नीति, कानुन र योजना तर्जुमा गर्ने कार्यलाई उच्च प्राथमिकतासाथ सम्पादन गरिरहेका छौ ।

जनताको विश्वास र आकांक्षालाई फलिभुत पार्न इमान्दारीपूर्वक जिम्मेवारीवोध गर्दै हामीले हाम्रो गाउँपालिकालाई "हाम्रो बबई - राम्रो बबई, खुसी जनता - समृद्ध बबई गाउँपालिका" को रूपमा चिनारी स्थापित गर्न मन, वचन र कर्मले लाग्ने संकल्प गरेका छौ । यसलाई पलपलमा अनुभुति गराउन हाँसेर सेवा गर्ने , सोधेर सहयोग गर्ने कार्यशैली वनाएका छौ ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू,**

आगामी आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम तर्जुमाको आधारको रूपमा हामीले एक वर्षको अवधिमा गरेका कार्यहरूलाई लिएको छुँ । त्यसैले म अब विगततर्फ फर्केर सम्पादित कार्यहरूको छोटो समिक्षा यहाँ प्रस्तुत गर्न चाहन्छु ।

१. अधिकांश जनताको चाहाना अनुसार पहिलो गाउँसभाबाट पारित निती तथा कार्यक्रम अनुसार यस गाउँपालिकाको अस्थायी रूपमा रहेको केन्द्रलाई सबैको माझमा पर्ने गरी जनघनत्व र भुगोललाई आधार मान्दै हापुरेमा केन्द्र स्थायी रूपमा स्थानान्तरण गरी ब्यबस्थापन गरेका छौँ । यद्यपी हापुरेमा केन्द्र सार्दा केही समस्या भएका थिए । केन्द्र सार्नका लागि छिटफुट असमझदारी भए पनि समाधान गरेका छौँ ।

२. बबई गाउँपालिकाका वडा नम्बर १ बाहेक सबै वडालाई छुने गरी मनमोहन चक्रपथको ट्र्याक खोल्ने काम सम्पन्न गरेका छौँ । श्रीमणी मार्गको ट्वाङखोलादेखि गंगटेसम्म २३ किलोमिटर र मनमोहन चक्रपथको १३ किलोमिटरको डिपीआर गर्ने कार्य सम्पन्न भएको छ ।

३. 'स्वस्थ नागरिक, स्वच्छ बबई' भन्ने नीतिलाई सार्थक तुल्याउन र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सर्वसुलभ पहुँचका लागि हामीले स्वास्थ्य चौकी पञ्चकुले र उपस्वास्थ्य चौकी हंसपुरका लागि २ वटा एम्बुलेन्स खरिद गरी जनतालाई सर्बसुलभ सेवा प्रदान गर्ने काम भएको छ ।

४. सबै सामुदायिक बिद्यालयहरूमा निःशुल्क शिक्षा लागु गरी शिक्षामा सबैको पहुँच स्थापित गर्न जनउत्तरदायी शिक्षा नियमावली गाउँसभाबाट पारित गरी लागु गरेका छौँ । यद्यपी सबै बिद्यालयहरूमा निःशुल्क शिक्षा लागु गर्न सकेका छैनौँ । सामुदायिक बिद्यालयको शिक्षा सुधारका लागि शिक्षक, बिद्यार्थी र अभिभावकसंग छलफ एवं गोष्ठी गरेका छौँ । सबै बिद्यालयको अनुगमन एवं कक्षा ८ को परिक्षा सञ्चालन समेत सम्पन्न गरेका छौँ । कक्षा ८ को परिक्षा गराएर बिद्यार्थीको शैक्षिक अबस्थाको जानकारी लिने काम गरेका छौँ ।

५. खेलकुदलाई स्थायी रूपमा दिन बबई–३ हंसपुरमा मदन भण्डारी स्टेडियम निर्माण प्रक्रियामा छ । समग्र खेलको बिकासका लागि गाउँपालिकास्तरि अन्तर बिद्यालय रनिङ शिल्ड प्रतियोगीता सञ्चालन गरेका छौँ ।

६. बबईको सानका रूपमा रहेको पुरन्धारा झरनाको बिकासका लागि चौतारी, पोखरी, सडक, भऱ्याङ, पार्क निर्माण गरेका छौँ ।

७. सुचना प्रबिधीका लागि बबई गाउँपालिका र केही वडाहरूमा ईन्टरनेट सेवा जडान गरेका छौँ ।

८. बबई गाउँपालिकाका सम्पुर्ण बस्तीमा सडक सञ्जाल पुऱ्याएका छौँ । केही बिकट बस्ती बाहेक सबै स्थानमा सवारी साधन सञ्चालन भइरहेका छन् ।

९. बबईलाई स्वच्छ र स्वस्थ राख्नका लागि पुरन्धारा झरनाबाट सरसफाई अभियान सञ्चालन गरी विभिन्न बिद्यालय, सडकमा सरसफाई सञ्चालन गरियो । साथै खानेपानीलाई ब्यबस्थित गर्न विभिन्न परियोजनाहरू सञ्चालनमा आइरहेको अबस्था छ ।

१०. बिपद ब्यबस्थापनका लागि विभिन्न स्थानहरूमा विगतमा गएको बाढी/पहिरो पिडितलाई राहत बितरण गरेका छौँ । आगामी दिनमा हुने सक्ने प्रकोप नियन्त्रणका लागि तटबन्धकाम लागि प्रबन्ध मिलायउने काम गरिएको छ ।

११. पुरन्धारा झरनामा प्रदेश नम्बर पाँचका माननीय मुख्यमन्त्री श्री शंकर पोखरेलको प्रमुख आतिथ्यतामा एक दिने बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छौँ । गाउँपालिकामा रहेका विभिन्न मठ मन्दिरको संरक्षणका लागि आर्थिक सहयोग, थारू र मगर समुदायको भाषा, कला, साहित्यका लागि विभिन्न कार्यक्रम गरेका छौँ ।

१३. कर्मचारी र जनप्रतिनिधिहरूलाई हाँसेर काम गरौ, सोधेर सेवा गरौ भन्ने नीति अनुरूप मुस्कान सहितको सेवा दिनका लागि अभिमुखिकरण कार्यक्रमको आयोजना गरेर जनताको सेवालाई प्रभावकारी बनाउन सफल भएका छौ । यद्यपी गाउँपालिकामा कर्मचारीको अभावका कारण जनताको सर्बसुलभ सेवा पाउने अधिकारलाई पुर्ण रूपमा कार्यान्वयन नसकेको महसुस गरेका छौँ ।

१४. कृषि तथा पशु विकास कार्यक्रमका माध्यमबाट किसानहरूलाई व्यावसायिक वनाउनका लागि प्राबिधिक, बिउँबिजन, अनुदान र यन्त्रको प्रयोगलाई जोड दिने सफल भएका छौ । बेमौसमी तरकारी खेतीका निम्ती

प्लाष्टिकको सिट बितरण गरेका छौँ । सिकेचर तथा स्प्रे ट्यांकी बितरणको तयारीमा छौँ । फलफुल खेती गर्नका लागि बिरूवा उपदलब्ध गराउने तयारी गरेका छौँ । आधुनिक औजारहरू खरिद गर्नलाई समयाकुल नभएकाले आगामी आर्थिक बर्षको सुरूमै खरिद गर्ने योजना बनाएका छौँ । कृषकहरूलाई धान, मकै, तोरी र घाँसको बिउ अनुदान स्वरूप बितरण गरेका छौँ ।

१५. गाउँपालिकाको एक मात्र पुरन्धारा बहुमुखी क्याम्पसको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । विभिन्न बिद्यालयहरूमा भवन निर्माणको काम तीब्र गतिमा रहेका छन् । बिद्यालयका पर्खाल निर्माणका कामहरू भइरहेका छन् ।

१६. बबई गाउँपालिकाको स्थानीय राजपत्र भाग १ र बबई कानून संग्रह प्रकाशन गरी प्रदेशसभा सदस्य माननीय उत्तरकुमार वलीको प्रमुख आतिथ्यतामा बिमोचन गरेका छौँ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरू,**

अब म आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न लागिरहेको छुँ ।

## कृषि तथा पशु

१७. अर्ग्यानिक कृषि उत्पादनमा बृद्धि, बबई गाउँपालिका क्षेत्रमा अर्ग्यानिक कृषि उत्पादनलाई बिस्तार गर्दै लगिनेछ । बजार क्षेत्रमा अर्ग्यानिक उत्पादनहरू पाइने पसलहरू सञ्चालन गर्न स्थानीय कृषि सहकारी संस्थालाई आबश्यक अनुदान प्रदान गरिनेछ ।

१८. बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्दै बिउबिजन उत्पादन केन्द्र स्थापना गरिने छ । दुध, माछा, मासु तथा अण्डा उत्पादनमा आत्मनिर्भर बनाउन पशुपालन, माछापालन एवं कुखुरापालन ब्यबसायलाई आबश्यक अनुदान दिइने छ ।

१९. कृषि उत्पादनमा प्रबिधीको प्रयोगलाई प्रोत्साहन गर्न कृषकहरूलाई आबश्यक आधुनिक कृषि सामग्रीहरू अनुदान दिने ब्यबस्था गरिने छ ।

२०. खेतीयोग्य जग्गा बाँझो राख्नेलाई जग्गाधनीको मालपोत कर दोब्बर गरी जग्गा बाझो राख्ने प्रबृत्तीलाई निरूत्साहित गरिनेछ ।

२१. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमलाई यसबर्ष पनि निरन्तरता दिइने छ ।

२२. आधुनिक कृषि प्रणालीको बारेमा किसानहरूलाई अभिमुखीकरण तालिमहरू प्रदान गरिने छ ।

२३. किसानले उत्पादन गरेका तरकारी तथा फलफुलहरूको बिक्री बितरणलाई सहज बनाउन हापुरेमा एउटा तरकारी तथा फलफुल बिक्री केन्द्र स्थापना गरिने छ ।

२४. कृषिजन्य तथा पशुजन्य उत्पादनहरूको गुणस्तर कायम गर्न नियमित रूपमा बजार अनुगमन गरिने छ ।

२५. दुग्धजन्य पदार्थको चिस्यान केन्द्र स्थापना गर्ने ब्यक्ति तथा सस्थालाई अनुदानको ब्यबस्था गरिने छ ।

२६. जलबायु अनुकुलित कृषि प्रणालीलाई अबलम्बन गर्न किसानहरूलाई अभिमुखीकरण गर्दै अनुकुलित कार्यक्रमहरूमा अनुदान प्रदान गरिने छ ।

२७. खेतीयोग्य जमिनको माटो परिक्षण गरी उन्नत जातका बालीहरूको सिफारिस तथा माटो उपचारको प्रबनध मिलाईने छ ।

२८. पशु स्वास्थ्यको नियमित जाँच गर्न बाँभोपन शिबिर सञ्चालन गरिने छ । उन्नत प्रकारका पशुपक्षीको बिकास गर्न अनुदान प्रदान गरिने छ ।

२९. कृषि र पशुमा आधारित सहकारी सस्थालाई प्रोत्साहन गरिने छ ।

## सडक तथा पुल

३०. खिलतपुर–चरकमटिया, हापुरे–गुरूङ चौतारा, खिलतपुर–घट्टेखोला, बालानन्द चोक–कृष्णपुर, हापुरे–खयरभट्टी (बबई मार्ग), खिलतपुर–सितापुर (पुष्पलाल माग) सडकको स्तरोन्नती गरी साझेदारीमा कालोपत्रे गर्न डिपीआर लगायतका आबश्यक प्रक्रिया अगाडि बढाईने छ ।

३१. धार्मिक तथा पर्यटकियस्थलसम्म पुग्ने सडकहरूको स्तरोन्नती गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिने छ ।

३२. ट्र्याक खोली सकिएका सम्पुर्ण सडकहरूको नाला निर्माण तथा ग्राभेल गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

३३. बबई गाउँपालिकाभित्रका सडक सञ्जालको बिस्तृत अध्ययन गरी सडक गुरूयोजना निर्माण गरिने छ ।

३४. गौजे–धोबाघाट जोड्ने बबई नदिमाथि झुलेंगे पुल निर्माण गरिने छ ।

## खानेपानी तथा सरसफाई

३५. आगामी तीन बर्षभित्र बबई गाउँपालिकाका सम्पुर्ण घरहरूमा शुद्ध खानेपानी ब्यबस्था गर्न एक घर एक धाराको नीति अबलम्बन गरिने छ ।

३६. कौशिलापुरमा ट्यांकी निर्माण गरी सुनपुर खानेपानी आयोजना सञ्चालन गरिने छ ।

३७. हाल सञ्चालन भइरहेका खानेपानीका आयोजनाहरूको मुहान तथा ट्यांकीको जाँच गरी शुद्ध पिउने पानीको ब्यबस्था मिलाइने छ ।

३८. पुरन्धारा झरनामा शुद्ध खानेपानीको ब्यबस्था गरिने छ ।

३९. वडा नम्बर १ र ७ का शुद्ध पिउने पानीको पहुँचबाट टाढा रहेका बस्तीहरूमा सम्भाब्यता अध्ययन गरी शुद्ध खानेपानीको प्रबन्ध मिलाइने छ ।

४०. गाउँपालिकाका बिभिन्न सार्बजनिक स्थानमा शौचालयको स्थापना गर्दै सरसफाई अभियान सञ्चालन गरिने छ ।

४१. गाउँपालिकाका बिभिन्न स्थानहरूबाट संकलन गरिने फोहरमैलाको उचित ब्यबस्थापन गर्न डम्पिङ साइटको सम्भाब्यता अध्ययन गरिने छ ।

४२. सार्बजनिक पार्क तथा स्थलहरूमा फोहर संकलनका लागि फोहर मलाईको ब्यबस्था गरिने छ ।

## सिचाई

४३. 'बबईको पानी जनताको लगानी' भन्ने उद्घोषका साथ लिफ्ट सिचाई प्रणाली मार्फत् बबई नदिको पानी हंसपुर, हापुरेलगायतका सुख्खा क्षेत्रमा ल्याई कृषि उत्पादनलाई बढवा दिन बृहत सिचाई आयोजना सञ्चालनका लागि डिपीआर लगायतको सम्भाब्यता अध्ययन गरी प्रक्रिया अगाडि बढाईने छ ।

४४. बबई गाउँपालिकाका सुख्खा क्षेत्रमा थोपा सिचाई प्रणाली मार्फत् सिचाईको ब्यबस्था मिलाइने छ ।

## शिक्षा

४५. 'बिद्यालय ल्याउ, टिकाउ र सिकाऔं' भन्ने राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन शैक्षिक सत्रको सुरूवातमा बिद्यालय भर्ना अभियान सञ्चालन गरिने छ ।

४६. बाल बिकास केन्द्रलाई ब्यबस्थित रूपले सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री तथा कक्षाकोठा स्तरीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. आधारभूत शिक्षालाई समूदायिक विद्यालय मार्फत  अनिवार्य गरिने छ ।

४८. विद्यालय उमेर समूहका सवै बालबालिकाको पहूच सूनिश्चित गर्न विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरू संचालन गरिने छ ।

४९. समयमै निशूल्क पाठ्यपूस्तक वितरणको व्यवस्था मिलाईने छ ।

५०. न्यून सिकाई उपलब्धी भएका बिद्यालयहरूमा अतिरिक्त कक्षाहरू थ्प गरी सिकाईस्तर बृद्धि गरिने छ ।

५१. आधारभुत तहमा अंग्रेजी माध्यमबाट पठनपाठनको क्रमिक रूपमा ब्यबस्था गर्न आबश्यक प्रक्रिया अगाडि बढाइने छ ।

५२. एसईई परिक्षालाई मध्यनजर गर्दै सामुदायिक बिद्यालयहरूमा कम्तीमा तीन महिना आबाशिय ब्यबस्था गरी सिकाई उपलब्धीको आधारमा बिद्यालय अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।

५३. बबई गाउपालिका भित्र रहेका सस्थागत बिद्यालयहरूको पाठ्यक्रममा एकरूपता ल्याइने छ ।

५४. बबई गाउँपालिकाभित्र रहेका सामुदायिक बिद्यालयहरूको भौतिक पुर्बाधारको अबस्था, जनशक्ति र सिकाई उपलब्धीको आधारमा उत्कृष्ट बिद्यालय छनौट गरी प्राबिधीक शिक्षा सञ्चालन गर्न आबश्यक प्रक्रिया अगाडि बढाइने छ ।

५५. हरेक माध्यामिक बिद्यालयहरूमा बिज्ञान प्रयोगशाला तथा पुस्तकालय अनिबार्य गरिने छ ।

५६. बबई गाउपालिकाभित्र सञ्चालन भएका कक्षा ११ र १२ मा बिज्ञान तथा ब्यबस्थापन बिषयको पहुँच बिस्तार गरिने छ ।

५७. बिद्यालय व्यबस्थापन समितिको क्षमता बिस्तार गरिने छ ।

५८. सामुदायिक सिकाई केन्द्रहरूलाई सामुदायिक पुस्तकालयका रूपमा बिकास गरिने छ ।

५९. सामूदायिक अध्ययन केन्द्रको संख्या तथा क्षमता बिस्तार गरी निरन्तर शिक्षा कार्यक्रम संचालन गरिने छ ।

६०. बिद्यालय बाहिर सञ्चालन हुने ट्युसन, कोचीङ जस्ता अध्यापनलाई ब्यबस्थित गरिने छ ।

६१. आगामी आर्थिक बर्षमा यस गाउँपालिकामा कृषि, पशु र बन तथा ईञ्जीनीयरिङको प्राबिधीक शिक्षालय स्थापना गर्न आबश्यक प्रक्रिया अगाडि बढाइने छ ।

६२. परम्परागत ज्ञान सीपको प्रर्वधन गदै रोजगारीमूलक र उद्यमशीलता विकास हुने शैक्षिक प्रणालीको विकास गरिने छ ।

६३. पुरन्धारा बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तरमा बृद्धि गर्न आबश्यक ब्यबस्था मिलाइने छ ।

६४. आगामी आर्थिक बर्षभित्र सबै माध्यामिक बिद्यालयहरूमा बिद्युतीय हाजिरी मेसिन जडान गरिने छ ।

६५. सबै माध्यामिक बिद्यालयहरूमा ईन्टरनेट सेवाको पहुँच बिस्तार गर्न आबश्यक अनुदानको ब्यबस्था गरिने छ ।

६६. शैक्षिक सूचना प्रणाली, परिक्षा प्रणाली, शैक्षिक तंथ्याक तथा शिक्षा शाखालाई आवश्यकपर्ने बिभिन्न सफ्टवेयरको निर्माण तथा खरिद गरी विद्यालयलाई हस्तान्तरण गरिने छ ।

६७. सस्थागत बिद्यालयले उठाउँदै आएको शुल्कलाई नियमन गरी स्तर अनुसार शुल्क निर्धारणमा आबश्यक समन्वय तथा सहजीकरण गरिने छ ।

६८. आधारभूत तथा माध्यामिक तहका शिक्षकहरूलाई विषयगत तथा साधारण तालिम प्रदान गरिने छ ।

६९. बिद्यालय ब्यबस्थापन समितिका पदाधिकारी तथा बाल कक्षा शिक्षक (स. का.)लाई क्षमता अभिबृद्धि तालिमको आयोजना गरिने छ ।

७०. लेखा सम्बन्धी काम गर्ने बिद्यालयका कर्मचारीलाई लेखा सम्वन्धि तालिमको व्यवस्था गरिने छ ।

७१. कम्यूटर र अग्रेजी माध्यममा सिकाइ गर्ने शिक्षकलाई तालिमको व्यबस्था गरिने छ ।

७२. बिद्यार्थीको सिकाई उपलब्धीसंग शिक्षकको कार्य सम्पादन मूल्यांकन प्रणालीसंग जोडिने छ । उत्कृष्ट कार्य सम्पादन गर्न सफल शिक्षकहरूलाई पुरस्कृत तथा कार्य सम्पादनमा कमजोर रहेका शिक्षकलाई दण्डित गरिने छ ।

## यूवा तथा खेलकद

७३. 'स्वस्थ जीवनका लागि खेलकुद' भन्ने नारालाई सार्थक बनाउन हापुरेमा बबई गाउँपालिकास्तरिय बबई रंगशाला निर्माण गरिने छ । साथै खेलाडीहरूको बिकास गर्न कवर्ड हलको निर्माण गरिने छ ।

७४. बबई गाउँपालिकामा फुटबल खेलको बिकास गर्न हरेक बर्ष 'अध्यक्ष कप' प्रतियोगीता सञ्चालन गरिने छ ।

७५. बिद्यालयस्तरबाटै खेलकुदको बिकास गर्न अन्तरबिद्यालय रनिङ शिल्ड प्रतियोगीतालाई निरन्तरता दिइने छ ।

७६. हरेक बिद्यालयमा खेलकुद मैदान तथा खेलकुद सामग्रीहरूको ब्यबस्थापन गरिने छ ।

७७. बबई गाउँपालिकास्तरिय क्रिकेट खेल मैदान निर्माण गर्न सम्भाब्यता अध्ययन गरी आबश्यक पहल गरिने छ ।

७८. 'श्रम, सिप र रोजगार, युवासंग स्थानीय सरकार' भन्ने उद्‌घोषका साथ युवा उद्यमी समुह मार्फत् युवाद्वारा उत्पादनमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

७९. उपभोक्ता समिति मार्फत् सञ्चालन हुने बिकास निर्माणका कार्यक्रममा युवाहरूलाई प्राथमिकता नीति अबलम्बन गरिने छ ।

८०. युवाहरूलाई लगुऔषध दुर्व्यसनीबाट बचाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । साथै लागुऔषध दुर्व्यसनीको जोखिमयुक्त स्थानमा निगरानी बढाईने छ ।

### उर्जा

८१. 'उज्यालो बबई' अभियानलाई सार्थक बनाउन वडा नम्बर १ र ७ का करिब २०० बिपन्न तथा गरिब परिवारलाई सौर्य उर्जा बितरण गरिने छ ।

८२. लघु तथा साना जलबिद्युत् आयोजना सञ्चालन गरी ग्रामीण बिद्युतीकरण कार्यक्रमलाई बिस्तार गरिने छ ।

८३. पुराना तथा जोखिमयुक्त काठका बिद्युतीय पोलहरूलाई पिएससी पोलले प्रतिष्थापन गरिने छ ।

### सञ्चार

८४. नेपाल टेलिकमको सञ्चार सेवाबाट बञ्चित रहेका वडा नम्बर १ र ७ का जनतालाई लाभान्वित हुने गरी वडा नम्बर १ को कोशीखालमा नेपाल टेलिकमको टावर स्थापना गर्न आबश्यक पहल गरिने छ ।

८५. पञ्चकुले, हापरे र हंसपुर क्षेत्रमा नेपाल टेलिकमको ल्याण्डलाइन सेवा बिस्तार गर्न आबश्यक पहल गरिने छ ।

८६. सबै वडा कार्यालयहरूमा सर्बसुलभ ईन्टरनेट सेवा बिस्तार गरिने छ ।

### स्वास्थ्य

८७. २५ सैया क्षमता भएको बबई गाउँपालिकास्तरि अस्पताल स्थापना गर्न आबश्यक प्रक्रिया अगाडि बढाइने छ ।

८८. सबै वडाहरूमा स्वास्थ्य चौकी बिस्तार गर्न आबश्यक प्रक्रिया अगाडि बढाइने छ । ८९. विजयनेटा, हापुरे र मलईमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिने छ र गंगटे सामुदायिक स्वास्थ्य इकाईको क्षमता बिस्तार गरिने छ ।

९०. सुअहाराद्वारा सञ्चालित पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९१. पञ्चकुले र पुरन्धारा स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना गरिने छ ।
९२. बबई वडा नम्बर ७ मलईमा हेल्थ हट निर्माण गरिने छ ।
९३. प्रत्येक स्कुलमा हेल्थ क्लब गठन गरिने छ । जसमा मुख स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य एवमं मानसिक स्वास्थ्य, वालविवाह जस्ता पक्षलाई सम्वोधन गर्न स्वास्थ्य जनशक्ति मार्फत अभिमुखिकरण गरिनेछ ।
९४. महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई समुदायस्तरमा स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने कार्यमा संलग्न भइरहन थप प्रोत्साहित गरिने छ ।

९५. स्वास्थ्यजन्य महामारी वा विपद् व्यवस्थापनका लागि पूर्व तयारी तथा प्रतिकार्य योजना वनाईने छ । यसका लागि र्‍यापिड रेस्पोन्स टिम (आरआरटि) लाई आवश्यक औषधी, खोप, उपकरण र परिवहनको वन्दोवस्त मिलाईनेछ ।

९६. सरकारले निःशुल्क रूपमा प्रदान गर्ने औषधिहरूको जगेडामा विशेष ध्यान दिई सबै स्वास्थ्य सस्थाबाट सधैभरि उपलब्ध हुने व्यबस्था सुनिश्चित गरिने छ ।

९७. शिशु कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीलाई प्रदान गरिदै आएको दिवाखाजा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९८. विद्यार्थीले दिवाखाजाको रूपमा प्रयोग भइरहेका चाउचाउ, विस्कुट जस्ता जंकफुड लाई निरूत्साहित गरिने कार्यक्रम संचालन गरिने छ ।

९९. छात्राहरूलाई महिनावरी हुदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने प्रवृतिलाई निरूत्साहितगर्न र छात्रा उपस्थिति दर बढाउन गाउँपालिकाले सेनेटरी प्याड निर्माण सम्बन्धी तालिम र कच्चा पदार्थ विद्यालयलाइ उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१००. विद्यालय हाता बाहिर वडा कार्यालय र वि.व्य.स.ले तोकेको सिमाक्षेत्र भित्र मादकपदार्थ तथा सूर्तीजन्य वस्तुहरू विक्रिवितरणमा पूर्णतः निषेध गरिने छ ।

१०१. प्रत्येक स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यशिक्षा डेस्कराख्नका लागि समन्वय गरिने छ । सो मार्फत विद्यार्थीलाई दुइ पटक स्वास्थ्य जाचगरिने प्रवन्ध मिलाइने छ ।

१०२. बिद्यालयमा गठन भएका जुनियर रेडक्रस सर्कललाई ब्यबस्थित गरिने छ ।

## सहरी बिकास

१०३. हापुरेलाई स्वच्छ र सफा राख्न ब्यबस्थित ढल निर्माण गरी हरित शहरको रूपमा बिकास गरिने छ । साथै हापुरेमा ब्यबस्थित बसपार्क र बहुउद्देश्यीय सभाहल निर्माण गरिने छ ।

१०४. बबई गाउँपालिकाका सडकहरूको अधिकार क्षेत्र तोकी कार्यान्वयनमा ल्याइने छ । १०५. सुरक्षित, ब्यबस्थित, भुकम्प प्रतिरोधी र बाताबरणमैत्री भवन निर्माण गर्न भवनसंग सम्बन्धित ऐन, नियम, भवन संहिता, मापदण्ड र निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

१०६. हापुरे बजारलाई पश्चिम दाङको ब्यापारिक केन्द्रका रूपमा बिकास गर्न सहरी बिकास कार्यक्रम सञ्चालन गरिने छ ।

१०७. प्रधानमन्त्री जनता आबास कार्यक्रमलाई नयाँ बस्ती बिकासका रूपमा बिस्तार गरिने छ ।

१०८. बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र रहेका बस्तीहरूलाई नयाँ स्थानमा स्थानान्तरण गर्न आबश्यक प्रक्रिया अगाडि बढाइने छ ।

१०९. गाउँपालिकाभित्रका सामाजिक सुधार तथा बिकास निर्माणमा समन्वय कायम गर्न टोल बिकास सस्था गठन गरी परिचालन गरिने छ ।

## वन तथा वातावरण

११०. वन तथा बाताबरण संरक्षण गर्न जलबायु परिबर्तन न्युनीकरण तथा अनुकुलन कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१११. बबई गाउँपालिकाभित्रका नांगा जमिन तथा डाँडामा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ ।

११२. बिरूवा उत्पादन गर्न ईलाका बन कार्यालय हापरेको परिसरमा रहेको नर्सरी ब्यबस्थित गरिने छ ।

११३. बबई गाउँपालिका भित्र रहेका सिमसार क्षेत्रहरूको पहिचान गरी संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

## संस्कृति तथा पर्यटन

११४. पुरन्धारा झरनालाई पर्यटकीयस्थलको रूपमा बिकास गर्न आगामी आर्थिक बर्षलाई पुरन्धारा भ्रमण बर्षको रूपमा मनाइने छ । पुरन्धारा झरना क्षेत्रमा 'बबई बाटिका' निर्माण गरिने छ ।

११५. धार्मिक तथा पर्यटकीय विकासका लागि महाभारतमा पर्वतमा रहेको तिते लेक सुन्दरखाल केवुलकार निर्माणका लागि डिपिआर लगायतको सम्भाव्यता अध्ययन गरिने छ । साथै बबई गाउँपालिकाभित्र रहेका अन्य धार्मिक तथा साँस्कृतिक सम्पदाहरूको पहिचान गरी संरक्षण र ब्यबस्थित गरिने छ ।

११६. सल्लीकोट भ्यु टावरको डिपीआर, सर्भे तथा डिजाइन गरी टावर निर्माणको काम अगाडि बढाइने छ । साथै उक्त स्थानमा गणेशमान पार्क स्थापना गरिने छ ।

११७. दलित समुदायको परम्परागत सिप, कला तथा संस्कृति झल्कीने गरी यस गाउँपालिकामा दलित संग्राहालय स्थापना गर्न आबश्यक पहल गरिने छ ।

११८. आदिबासी जनजातीको कला तथा संस्कृति जगेर्ना गर्न सिपमुलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

## सार्बजनिक प्रशासन र सुशासन

११९. कर्मचारी समायोजनपछि सांगठनिक तथा दरबन्दी सर्वेक्षण गरी सार्बजसनक सेवा प्रबाहलाई प्रभावकारी बनाइने छ ।

१२०. कर्मचारीहरूको क्षमता बिस्तार गर्न तालिमको ब्यबस्था गरिने छ ।

१२१. संघीय सरकारले लागु गरेको सदाचार नीतिलाई कार्यान्वयन गरी अनुगमन गरिने छ । भ्रष्टाचारप्रतिको शुन्य सहनशिलतालाई संस्कारको रूपमा विकास गरिने छ । बबई गाउँपालिका क्षेत्रलाई भ्रष्टाचारमुक्त क्षेत्रका रूपमा विकास गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्नका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग सहकार्य गरिने छ ।

१२२. गाउँपालिकाबाट प्रदान गरिने सार्बजनिक सेवालाई प्रबिधीमैत्री बनाउन इ–गभर्नेन्सको नीतिलाई अबलम्बन गरिने छ ।

१२३. उत्कृष्ट कार्य गर्ने कर्मचारी, उपभोक्ता समिति लगायत सेवामुलक कार्यमा संलग्न सबैलाई पुरस्कृत र सम्मानित गरिने छ । जनताको सुचनाको हकलाई स्थापित गर्न सेवाग्राहीले मागेका सुचनालाई समयमै उपलब्ध गराइनेछ ।

१२४. नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिवद्धता, संघीय तथा प्रदेश सरकारले निर्धारण गरेका प्राथमिकता र दीगो विकास लक्ष्य प्राप्त गर्नेगरी स्थानीय स्तरमा नीति, रणनीति, कार्यक्रम र कार्ययोजना बनाई आवश्यक कार्य गरिनेछ ।

१२५. उपभोक्ता समितिले अनिवार्य रूपमा विकास निर्माण चुस्त दुरूस्त रूपमा सम्पन्न गर्छु भनी सपथ लिनुपर्ने र निर्माण गरेको संरचना ३ वर्षभित्र भत्केमा त्यसको मर्मत सम्भारको जिम्मेवारी स्वयम् उपभोक्ता समितिले लिनुपर्नेछ ।

१२६. लोक सेवा आयोगले सञ्चालन गर्ने परिक्षामा दलित, अपांग, महिला तथा जनजातीको सहभागीता बढाउन लोक सेवा तयारी कक्षाहरू सञ्चालन गरिने छ ।

## लक्षित बर्ग तथा समुदाय

१२७. घरेलु हिंसाको प्रमुख कारकको रूपमा मानिने घरेलु मदिराको उत्पादन र बिक्री बितरणलाई निरूत्साहित गर्न अबैध मदिरानष्ट गर्ने अभियान सञ्चालन गरिने छ । साथै लैंगीक हिंसा न्युनीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

१२८. महिला, दलित, जनजाती र अपांगहरूका लागि रोजगारमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिने छ ।

१२७. चिसापानी र हापुरेमा जेष्ठ नागरिक भेटघा केन्द्रको निर्माण गरिने छ ।

१२९. बालबिबाह न्युनीकरण गर्न बिद्यालयमा बाल क्लब गठन गरी चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । साथै समुदायमा किशोरी क्लब स्थापना गर्न प्रोत्साहन गरिने छ । १३०. बाल प्रतिभाहरूको छनौट गर्न अन्तरबिद्यालयल बाल प्रतिभा कार्यक्रम सञ्चालन गरिने छ ।

## बिपद् ब्यबस्थापन

१३१. दैबी प्रकोप तथा बिपद्बाट हुने जोखिमहरूको न्युनीकरण तथा ब्यबस्थापन गर्न पुर्व तयारी तालिम सञ्चालन गरिने छ ।

१३२. बाढी, पहिरो, आगलागी, भु–क्षय, चट्याङ जस्ता प्राकृतिक प्रकोपमा परेका नागरिकलाई उचित क्षतिपुर्ति तथा राहातको ब्यबस्था गरिने छ । सोको लागि बिपद् ब्यबस्थापन कोष स्थापना गरिने छ ।

## आन्तरिक राजश्व

१३३. ऐलानी तथा प्रति जग्गाहरूमा बनेका संरचनाहरूमा कानून बमोजिम बहाल बिटौरी शुल्क लगाइने छ ।

१३४. आगामी आर्थिक बर्षदेखि एकीकृत सम्पति कर लगाई आन्तरिक राजश्वलाई ब्यबस्थित गरिने छ ।

१३५. ब्यबसायहरूलाई करको दायरामा ल्याई आन्तरिक राजश्वको क्षमता अभिबृद्धि गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

## उद्योग ब्यबसाय

१३६. काष्ठ, डेरी जस्ता उद्योगलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

१३७. साना तथा घरेलु उद्योगलाई बिशेष अनुदान प्रदान गरिने छ ।

## तटबन्ध तथा बाँध

१३८. बहुला खोला, मलई खोला, च्याटी खोला, ट्वाङ खोलामा भुक्षय रोक्नका लागि तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

**गाउँ सभाका सदस्यहरू ज्यू,**

नीति तथा कार्यक्रम तर्जुमा गर्न  तपाईहरूको साथ, सहयोग र सुझावका लागि हार्दिक सह्राना व्यक्त गर्दछु । यसैगरी राजनीतिक दल, निजी क्षेत्रका उद्योगी व्यापारी, प्राज्ञिक क्षेत्र, पूर्व जनप्रतिनिधि, समाजका लब्ध प्रतिष्ठित व्यक्तित्वहरू , विशेष विज्ञहरूबाट प्राप्त सुझावका लागि पनि धन्यवाद दिन चाहन्छु । बबई गाउँपालिकाकाको दैनिक कार्य सञ्चालनमा आफ्नो ज्ञान, सीप र सेवाभाव लगाइरहनु भएका सम्पूर्ण कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु । हरेक गतिविधिलाई सत्य तथ्यमा आधारित भएर जनता सामु पुर्‍याउन सञ्चार क्षेत्रले खेलेको भुमिकाको प्रशंसा गर्दै नीति तथा कार्यक्रम तर्जुमा गर्न प्राप्त सुझावलाई पनि स्मरण गर्न चाहन्छु । संघ र प्रदेश सरकारले विकास र नीतिगत तहमा सहकार्य गर्दै आएको केन्द्र र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । अब यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा पनि यसैगरी सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै मेरो सम्बोधनलाई यही बिसाउँदछु । धन्यवाद